आव्हान

श्री मलहुइकी सामुदायिक वन उपभोक्ता समूह
गेरुवा गा.पा २ बर्दिया जानकी गा.पा १ कैलाली
काठ दाउरा लिलाम बिक्री सम्बन्धि बिस्तृत विवरण सहितको सूचना !!!
सद् भाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०७८/०४/१२ गते

मलहुइकी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित काठ / दाउरा घाटगद्दीमा विभिन्न लटमा विभाजीत निम्न परिमाण को काठ/ दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, सस्था, फर्म वा कम्पनिले यो सुचना सद्भाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्धि को बोल पत्र खरिद गर्न आह्वान गरिन्छ।

तपसिल

१ वन पैदावारको विवरण :

| सि.नं. | जात | थान | काठ परिमाण क्यु.फी | कैफियत |
|---|---|---|---|---|
| १ | खयर | १५५ | २५८२.४२ | लट नं १,२, र ३ |
| | कुल जम्मा | १५५ | २५८२.४२ | |

शर्तहरु

२. बोल पत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति : २०७८/०५/०१ (२०) गते) समय : दिनको १२ : ०० बजे सम्म

३. बोलपत्रसाथ कबुल गरेको रकम १० प्रतिशत ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको श्री नेपाल बैंक लिमिटेड मा रहेको खाता नम्बर १०३००१००३८००६१००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्ने छ।

४. बोलपत्र फारम प्रति लतको रु. १००० /- पछि फिर्ता नहुने गरि यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय पहलमानपुरबाट खरिद गर्न सकिने छ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र मलहुइकी सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनि वा फर्मका प्रोपाईटरले नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि , कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपिको वा स्थायी लेखा नं। पि. ए. एन ) दर्ता प्रमाण पत्रको प्रतिलिपि बोल पत्र साथ पेश गर्नुपर्ने छ।

७. निर्धारित न्युनतम संख्याका र रित पुर्वक पर्न आएका बोल पत्रहरु मिति २०७८/०५/०१ (२१ गते) मा दिनको ११ : ०० बजे साक्षिहरुको रोहबरमा खोलिने छ।

८. बोल पत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमश : कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै बोल पत्र बिक्री , दर्ता र खोल्ने कार्य हनेछ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० ( दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर , सकलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।

१० बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवै लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस समुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ।

ईति सम्वत् २०७८ साल सावन महिना 26 गते रोज ........ मा शुभम्

Scanned with CamScanner